वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ७ ● ने.सं. ११४० पोहेलाथ्व चौथि ● वि.सं. २०७६ पुस १४ गते, सोमबार ● 2019 December 30 Monday ● पृष्ठ ८

## कीर्तिपुर-चन्द्रागिरि जोड्ने पुलको

# भौतिक पूर्वाधार मन्त्री नेम्वाङ्गद्वारा शिलान्यास





**तिनथाना र कीर्तिपुरको व्यापारको हिसावले निकै महत्वपूर्ण भएको उल्लेख गर्नुहुँदै यो पुल निर्माण सम्पन्न भएपछि चन्द्रागिरि र कीर्तिपुर बिचको सम्बन्ध भौतिक रुपले मात्र नभई व्यापारको हिसाबले र आत्मिय रुपमा पनि जोड्ने बताउनु भयो ।**

कीर्तिपुर नगरपालिका र चन्द्रागिरि नगरपालिका जोड्ने दीखुको पुलको शिलान्यास भएको छ। संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय वसन्तकुमार नेम्वाङ्गले पुस १२ गते शनिवार एक कार्यक्रमका बिच सो पुलको शिलान्यास गर्नुभएको हो। करीव ३ करोड ४४ लाखको बजेटमा निर्माण गर्न लागेको उक्त पुल वाइवा र लामा कन्स्ट्रक्शनले ठेक्का लिएको थियो। दाँया बाँया फुथपाथ सहित ११ मिटर चौडाई र २५ मिटर लम्बाईको उक्त पुल वि.सं.२०७७ जेष्ठ मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको छ।

कार्यक्रमका सभापति कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले चन्द्रागिरि नगरपालिकाको तिनथाना नैकापबाट कीर्तिपुर जोड्ने यो पुलको निकै महत्व भएको बताउनु भयो। तिनथाना र कीर्तिपुरको व्यापारको हिसावले निकै महत्वपूर्ण भएको उल्लेख गर्नुहुँदै यो पुल निर्माण सम्पन्न भएपछि चन्द्रागिरि र कीर्तिपुर बिचको सम्बन्ध भौतिक रुपले मात्र नभई व्यापारको हिसाबले र आत्मिय रुपमा पनि जोड्ने बताउनु भयो। कीर्तिपुर नगरपालिका घोषणा भई पहिलो मेयरको रुपमा हिराकाजी महर्जनले कीर्तिपुर नगरपालिकाको कार्यभार सम्हालेदेखि (करीव २०/२२ वर्ष पहिले देखि) नै यो पुल जिर्ण भएकोले यसलाई नयाँ रुपमा बनाउने योजना रहेको र त्यसबेला आफू नै यो पुलको बाटो बनाउने उपभोक्ता समितिको अध्यक्ष बनी पहल गर्दा पनि नभइरहेको स्मरण गर्नुहुँदै हाल यो पुल बनाउनको लागि शिलान्यास भएकोमा खुशि व्यक्ति गर्नुभयो। यो पुल निर्माण पश्चात चन्द्रागिरि र कीर्तिपुर आवत जावत गर्न कलंकी भएर जान बाध्य नहुने भएकोले सजिलो हुने समेत बताउनु भयो। बल्खु करिडोर कीर्तिपुरको अगाडि सिभिल होम्ससम्म ल्याइसकेको र अबको १/२ वर्षमा अझ माथिसम्म खोल्ने भएकोले यो पुलको महत्व अझ बढी हुने विश्वास व्यक्त गर्नुहुँदै कार्यक्रममा आउनुभएका सबै अतिथिहरूलाई स्वागत र धन्यवाद् व्यक्त गर्नुभयो।

प्रमुख अतिथि भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय वसन्तकुमार नेम्वाङ्गले देशैभरि यस्ता सडक पुल बनाउने कार्य गर्नु पर्ने र गरिरहेको पनि बताउनु भयो। हाल काठमाडौंमा धुलो उड्ने विस्तारै कम हुँदै गइरहेको महशुस हुन थालेको उल्लेख गर्नुहुँदै मन्त्रालयले चाहेर पनि गल्ली गल्लीका बाटोहरू बनाउन नसकिरहेको बताउनु भयो।

*बाँकी पृष्ठ २*

## सम्पादकीय

# नेपाल भ्रमण वर्ष र कीर्तिपुर

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० बुधवारदेखि शुरु हुँदैछ। यसको प्रचार प्रसारका साथै विभिन्न कार्यक्रमहरू गरिएका छन्। सन् २०२० मा २० लाख पर्यटकहरू नेपाल भित्र्याउने लक्ष्य लिई नेपाल सरकारले विभिन्न कार्यक्रमहरू गरिरहेको छ। यो भन्दा पहिला पनि सन् १९९८ मा नेपाल भ्रमण वर्षको आयोजना गरिएको थियो। नेपाल जस्तो भूपरिवेष्ठित मुलुकमा आर्थिक विकास गर्न पर्यटन उद्योग फस्टाउनु आवश्यक देखिन्छ। सुखी नेपाली र समृद्ध नेपालको परिकल्पना जुन सरकारले गरेको छ, त्यो पूरा गर्न पर्यटन उद्योगविना प्रायः असम्भव नै देखिन्छ।

प्राकृतिक सौन्दर्य, साँस्कृतिक विविधता र ऐतिहासिक स्थलहरू नै पर्यटक आगमनका मूल आधारहरू हुन्। नेपालमा यी कुराहरू प्रशस्त मात्रामा रहेका छन्। यसको उचित मात्रामा प्रचार प्रसार गर्न सकेको खण्डमा नेपाल सरकारले लिएको लक्ष्य टाढा छैन। विश्वको सबैभन्दा अग्लो सर्वोच्च शिखर सगरमाथा हिमालसहित विश्वका ८ हजार मिटर अग्ला हिमाल मध्ये ८ वटा हिमालहरू नेपाल मै छन्। धार्मिक दृष्टिकोणले पनि विश्वमा शान्ति फैलाउने भगवान गौतम बुद्धको जन्म स्थल लुम्बिनी नेपाल मै छन्। हिन्दु धर्माबलम्बीहरूको आस्थाको केन्द्र पशुपति र जानकी मन्दिर नेपाल मै छन्। विभिन्न जातजातिहरूको खानपान, रहनसहन, जात्रापर्व जस्ता अमूर्त सम्पदाहरूले पनि पर्यटकहरूलाई आकर्षित गर्न मद्दत पुग्ने गर्दछ। पर्यटकहरूको मन जित्ने मूलरुपमा आतिथ्य सत्कार पनि भएकोले यसमा ध्यानदिई पर्यटकको आगमणलाई बढाउन सकिन्छ। विश्व प्रशिद्ध पत्रिका फोर्ब्सले पनि आफ्नो आलेखमा सन् २०२० मा घुम्न जाने उत्कृष्ट १० देशहरूको सूचि प्रकाशित गर्दै त्यसमा नेपाललाई पहिलो नम्बरमा राखेको छ।

विश्व सम्पदा सूचिमा नेपालका १० वटा सम्पदाहरू सूचिकृत भएका छन्। अझ उपत्यका भित्रैको मात्र ७ वटा सम्पदाहरू सूचिकृत छन्। नेवाः वस्ति पनौती विश्व सम्पदा सूचिमा सूचिकृत हुने क्रममा रहेको छ। यसैगरी ऐतिहासिक स्थान हाम्रो यस कीर्तिपुरलाई पनि यसै गरी विश्व सम्पदा सूचिमा सूचिकृत गराउन यहाँ रहेका सम्पदाहरूलाई उचित संरक्षण गरी प्रचार प्रसार गर्न सकेको खण्डमा कीर्तिपुरको ठूलो उपलब्धि हुनेमा दुईमत नहोला। नेपाल भ्रमण वर्ष २०२० लाई नै लक्षित गरी कीर्तिपुर नगरपालिकाले हालै कीर्तिपुर चिनाउन ब्राण्डिङ्ग गर्ने र कीर्तिपुरको छुट्टै ट्यागलाइन बनाउने कुरामा छलफल भएको छ। यसरी यी कुराहरूलाई समयमै गर्न सकेको खण्डमा कीर्तिपुर समृद्ध त हुने नै छ, यहाँ पर्यटकलाई पनि आकर्षित गरी भ्रमण वर्षलाई सफल पार्न सहयोग पुऱ्याउन सकिन्छ।

# उपमेयरद्वारा स्थलगत निरीक्षण



कीर्तिपुर नगरपालिका वडा नं. ३, धःपा स्थित तःधंख्यः मार्गमा बाटो ढलान भएको छ। कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले उक्त ढलान गरेको बाटोको निरीक्षण गर्नुभएको थियो। गत पुस ६ गते धःपा, तःधंख्यःको गणेश मन्दिरबाट सल्यानस्थान जाने ओरालो बाटो ढलान गरेको हो। २० फुट चौडाइको जम्मा २२५ मिटर बाटो भएकोमा करीव १०० मिटर जति ओरालो बाटो मात्र ढलान भएको हो। बाँकी समथर बाटो पीच गर्ने योजना रहेको कीर्तिपुर नगरपालिकाले जानकारी गराएको छ। गत वर्षमात्र सो बाटो ग्राभिल भएको थियो। अधिकांश स्कूलका बसहरू चल्ने उक्त बाटो नबन्दा समस्या भैरहेको स्थानीयहरूले बताएका थिए।

## भौतिक ...

त्यसैकारण अब मन्त्रालयले छिट्टै नै स्थानीय सरकारसँग छलफल गरेर बाटोलाई खाल्डाखुल्डीरहित बनाई बाटोको स्तरउन्नती गर्ने बताउनु भयो। यो पुल बनाइरहँदा कुनैपनि अवरोध नहुने र यदि भएको खण्डमा समयमै स्थानीय सरकारलाई खबर गरी समयमै काम सम्पन्न गर्न ठेकेदार लाई पनि निर्देशन दिनुभयो।

कार्यक्रममा काठमाडौं क्षेत्र नं. ९ का सांसद् माननीय कृष्णगोपाल श्रेष्ठले यो पुल सबै जनताको भएकोले यसमा कम्यूनिष्टले बनाएको भएर काँग्रेस र अरु पार्टीका मानिसहरू हिड्न नहुने भन्ने हुँदैन, चुनावमा आ-आफ्नो झण्डा बोकौंला भन्नुहुँदै विकास सम्पूर्ण जनताको भएकोले यो पुल पनि समयमै सम्पन्न गराएर प्रमुख अतिथि मन्त्री नेम्वाङ्गबाटै उद्घाटन गराउने प्रतिबद्धता जनाउनुभयो। कीर्तिपुर आफ्नो राजनीतिक स्कूल भएको र यस क्षेत्रसँग आफ्नो भावना पनि गाँसिएको बताउनुहुँदै यस क्षेत्रमा आवश्यक कामहरू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरीले पनि आफ्नो मन्तव्य राख्नु भएको उक्त कार्यक्रममा चन्द्रगिरि नगरपालिकाका उपमेयर लिसा नकर्मी र कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले प्रमुख अतिथि मन्त्री नेम्वाङ्गलाई मायाको चिनो प्रदान गर्नुभएको थियो। चन्द्रागिरि नगरपालिका वडा नं. १५ का अध्यक्ष उत्तमबहादुर राउतले सञ्चालन गर्नुभएको कार्यक्रममा संघीय र प्रदेश सभाका सांसदहरू र नगरपालिकाका वडाअध्यक्षहरूका साथै सर्वसाधारण जनताहरूको पनि उल्लेख्य उपस्थिति रहेको थियो।

# पर्यटनको लागि कीर्तिपुरको ट्यागलाइनबारे छलफल



नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० कै सिलसिलामा कीर्तिपुरलाई पनि पर्यटकीय नगर बनाउनको लागि कीर्तिपुरको छुट्टै ट्यागलाइन बनाउनु पर्ने विषयमा एक छलफल कार्यक्रमको आयोजना भएको छ। नेपाल पर्यटन बोर्डले कीर्तिपुर नगरपालिकाका लागि आउटरिच नेपाल कन्सल्टायूण्टलाई रिसर्च गर्न जिम्मा दिए अनुरुप कन्सल्टायूण्टले आफूले गरेको रिसर्चको कार्यपत्र समेत प्रस्तुत गरेको थियो।

कीर्तिपुरको होटल हिलसाइडमा भएको कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, १ नं. वडाका अध्यक्ष हर्ष महर्जन, २ नं. वडा का अध्यक्ष तथा कीर्तिपुर नगरपालिका पर्यटन समितिका संयोजक रमेशमान डंगोलका साथै कीर्तिपुरका पर्यटन व्यवसायीहरूको उपस्थिति थियो।

कीर्तिपुर नगरपालिका सामाजिक विकास शाखाका प्रमुख अनुज प्रधानले सञ्चालन गरेको उक्त कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि छलफल गर्दै सहभागीहरूले कीर्तिपुरको ट्यागलाइन र लोगोको बारेमा सुझाव दिएका थिए।

# चोभारमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने

कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारमा नेपाल सरकारले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने प्रस्ताव गरेको छ।

यस बारेमा पुस ७ गते नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल भ्रमण वर्षको तयारीका सम्बन्धमा बैंक, बीमा तथा अन्य वित्तीय संस्थाको प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिसँगको छलफलका क्रममा यो जानकारी गराएको हो।

पहिले हिमाल सिमेन्ट कारखाना रहेको चोभारमा हाल सुख्खा बन्दरगाह बनिरहेको छ। करीव ८ सय रोपनी सरकारी खाली जग्गा भएकोले यस ठाउँमा एक लाख जनालाई क्याटरिङ्ग गर्न र हजार भन्दा बढी पार्किङ्ग गर्न मिल्ने भएकोले यस ठाउँमा अत्याधुनिक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बनाउन लागेको बताउनु भएको थियो। यो सँगै २ वटा पाँचतारे होटल बनाउन पनि जग्गा रहेकोले बैंकहरूलाई यसमा लगानी गर्न मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले अनुरोध गर्नुभयो। जवाफमा बैंकरहरूले आफैंले लगानी गर्न नसक्ने तर सरकारले ग्यारेन्टी गरे लगानीकर्तालाई ऋण प्रवाह गर्न सकिने बताएका थिए।

# पर्य सम्पदाबारे सहलह



किपू नगरपालिका व लुमन्ति आवासया ग्वसालय् पर्य सम्पदा ल्यंका तयेगु बारे छगू सहलह ज्याभ्वः जूगु दु। पुस ९ गते हिलटाउन ई. स्कूलय् जूगु ज्याभ्वलय् किपू नगरपालिका वडा नं. ६ या चोबाहाः व वडा नं. ५ व ८ दुथ्याःगु पाँगाया थीथी थासया पर्य सम्पदाया बारे जानकारी ब्यूगु खः ।

चोबाहाया थीथी सम्पदाया न्हापाया व आःया अवस्थाया बारे श्रृष्टिना श्रेष्ठं कार्यपत्र न्ह्यब्वयादिसें ध्वाथुइका दीगु खःसा पाँगाया बारे बसुन्धरा महर्जनं कार्यपत्र न्ह्यब्वयादिसें ध्वाथुइकादीगु खः । ज्याभ्वलय् किपू डाँडाया बारे अध्ययन जुयाच्वंगु नं जानकारी बियादीगु खः ।

निगुलिं कार्यत्रपय् सहलह जूगु खःसा कार्यपत्रय् दुथ्याके माःगु थीथी मूर्त व अमूर्त सम्पदाया बारे सहलह जूगु खः । कार्यपत्रय् विशेषयाना वंगु २०७२ सालया तःभुखाचं क्षति जूगुलिं नगरपालिकाया कुतलय् उगु सम्पदात ल्यंकेमाःगु खँय् बः बियातःगु खःसा भुखाचं क्षति जुइधुंकाः व भुखाय् ब्वयेन्ह्यःया सम्पदातयूगु चित्रण यानातःगु खः। नेपाल सरकारं घोषणा याःगु नेपाल भ्रमण दँ २०२० लिक्क वयाच्वंगुलिं नं किपुलिई पर्यटक त दुकायेया लागि थ्व सम्पदा त ल्यंकेमाःगु हथाय् जूगु न्ह्यथसें थुकीया लागि समुदाययात न्ह्ज्याकेमाःगु खँय् बः ब्यूगु खः ।

ज्याभ्वलय् किपू नगरपालिकाया मेयर रमेश महर्जनं किपू नगर दुने च्वंगु छुं नं सम्पदात ल्यंकाः तयेगु किपू नगरपालिकाया दायित्व हे जूगुलिं व ल्यंकाः तयेगु ज्या यायेगु लिसें छुं नं सम्पदात यदि निजि हे खःसां नं उकियात ल्यंका तयेया लागि निश्चित मामदण्ड दयेका अनुदान बीगु तकं न्ह्यथनादिल। किपू नगरपालिकाया उपमेयर सरस्वती खड्का, वडा नं. १ या अध्यक्ष हर्ष महर्जन, वडा नं. २ या अध्यक्ष व किपू नगरपालिका पर्यटन समितिया संयोजक रमेशमान डंगोल, वडा नं. ६ या अध्यक्ष न्हुच्छेबहादुर महर्जन, वडा नं. ८ या अध्यक्ष विनोद महर्जन, वडा नं. १० या अध्यक्ष अमन महर्जन लगायत आपालं सम्पदाप्रेमिपिनिगु ब्वति दुगु खः।

# जन पोलिक्लिनिक आः टाउनप्लानिङ्गय्

किपू नगरपालिका वडा नं. ९ बाहिरी गामय् च्वंगु कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्र (जन पोलिक्लिनिक) आः न्हूगु थासं सेवा बीगु जूगु दु। ९ नं. वडाया हे टाउन प्लानिङ्गय् च्वंगु भवनय् सरेजुयाच्वंगु खःसा आः अनं हे सेवा बीगु जूगु दु।

तात्कालिन बाहिरी गाउँ विकास समितिया थुगु भवन मनमोहन अधिकारी प्रधानमन्त्री जूगु इलय् लोकंह्वाःगु ज्याभ्वः "आफ्नो गाउँ, आफैं बनाऊँ" अन्तर्गत थ्व भवन दयेकूगु खःसा किपू नगरपालिकाया न्हापांम्ह मेयर हिराकाजी महर्जनं थन हे मेयरया सपथ कया नगरपालिकाया ज्याखँ नं थनं हे न्ह्याकादीगु खः ।

थुगु भवनया निगूगु तल्लाय् ९ नं. वडाया ज्याकू हे दुगु खःसा आः थ्व क्लिनिक सरेजुसेंलि प्वंगु थासय् वडाया थीथी शाखात तयेगु व छगू लाइब्रेरी नं दयेकेगु धकाः वडाअध्यक्ष गंगाराम महर्जनं जानकारी बियादीगु दु ।

# नगांया खल्बय् ढलान याइगु



किपू नगरपालिका वडा नं. ९ या नगां खल्बया लँ ढलान जुइगु जूगु दु। थुगु लँ नगमं राराहिल स्कूल पिचाइगु खः । नगरस्तरीय योजनाय् दयेकीगु थुगु लँया लागि नगरपलिकां २० लाख बजेत विनियोजन याःगु दुसा उपभोक्ता समिति ५ लाख तयेमाःगु दु । थुकीया लागि सजित महर्जनया नायःसुइ "खल्ब बाटो सुधार उपभोक्ता समिति" नं दयेका ज्या न्ह्याकाच्वंगु दु ।

थ्यंमथ्यं १३० मिटर ढलान जुइगु थुगु लँ ३० फिट ब्या खःसा उकीमध्ये १३ फिट ब्या जक ढलान जुइगु व बाँकिगु जवंखवं फुटपाथ दयेकीगु वडाअध्यक्ष गंगाराम महर्जनं जानकारी बियादीगु दु ।

# किपू नगरपालिकाया नियमित पत्रकार सम्मेलन



किपू नगरपालिकां यानावयाच्वंगु नियमित पत्रकार सम्मेलन पुस १० गते याःगु दु । नगरपालिकाया ज्याखँत पारदर्शिढंगं जुयाच्वंगुया बारे जानकारी बीत नगरपालिकां लयूलयूपतिकं पत्रकार सम्मेलन यानां जानकारी बिया वयाच्वंगु खः।

नगरपालिकाया न्हूगु भवनय् न्हापांखुशि जूगु पत्रकार सम्मेलनय् नगरपालिकाया उपमेयर सरस्वती खड्कां लसकुस यानादीगु खःसा नगरपालिकाया सूचना अधिकारी परशुराम चौलागाईं आःतकया प्रगति प्रतिवेदन ब्वनान्यंकादीगु खः । पत्रकारतयूसं न्यंगु न्ह्यसःया लिसःबियादिसें उपमेयर खड्कां नगरपालिकाय् न्हापांगु घटनाकथं कर्मचारीयात सेवाग्राहीं दुर्व्यवहार याःगु न्यंकादिल । उम्ह सेवाग्राहीं थःगु जग्गा नापेयायेगु खँय् थःत चित्त बुझेमजूगुलिं कानून शाखां प्राविधिक शाखाय् चलानी यानांछ्वःगु भ्वं खुनां कर्मचारीयात दुर्व्यवहारयाःगु घटना न्यंकादिसें दुःख प्वंकादिल ।

अथेहे थौंकन्हय् फुक्क हे स्थानीय तहलय् छ्यलाच्वंगु सफ्टवेयर "शुत्र" ह्याक यानातःगुलिं छुं नं आर्थिक कारोबार यायेमखनाच्वंगु आर्थिक शाखा प्रमुख मित्रप्रसाद घिमिरें जानकारी बियादिल । स्थानीय तहलय् जनप्रतिनिधितयूसं तलब कायेमज्यूगु सर्वोच्च अदालतया आदेश वयेधुंकूगुलिं स्थानीय जनप्रतिनिधितयूगु मनोबल गथेजुयाच्वंगु दु धइगु न्ह्यसःलय् नगरपालिकाया मेयर रमेश महर्जनं थुकीया बारे प्रदेश सरकारं कानून दयेकेज्या जुयाच्वंगु व व कानून याकनं वयेमाःगु धयादिल ।

आःयात जनप्रतिनिधितयूत वैठकया भत्ता जकया सुविधा दुगु कनादिसें जनताया ज्या यायेधकाः वःपिं जनप्रतिनिधिपिंत नं प्रोत्साहन भत्ताया व्यवस्था जुइमाःगु खँय् बःबियादिल । जनप्रतिनिधितयूत छुंनं भत्ताया व्यवस्था मजुइगु खःसा इपिं स्वतः भ्रष्टाचारया चाकलय् लायेफुगु प्रति सम्बन्धित पक्षया ध्यानाकर्षण नं यानादिल । पत्रकार सम्मेलनय् नगरपालिकाया थीथी शाखा प्रमुख व आपालं पत्रकारतयूगु ब्वति दुगु खः ।

## सूचना ! सूचना !! सूचना !!!

२०७६/०८/२४

प्रस्तुत विषयमा सम्वन्धमा काठमाण्डौ जिल्ला, कीर्तिपुर नगरक्षेत्र भित्र बसोबास गर्ने आम जनसमुदायमा यस कीर्तिपुर नगरपालिका कार्यालयको तर्फबाट भवन निर्माण अनुमतिबिना गैर कानूनी तरिकाले बाटोमा अवरोध पुग्ने गरी पर्खाल, घर टहरा, बार कम्पाउण्ड लगाउने, निर्माण सामाग्री थुपार्ने एवं घर कम्पाउण्डको पानी निकास सार्वजनिक आवागनमा अवरोध हुनेगरी बाटोमा छाड्ने गरेकोले सर्वसाधारण आम नागरिकमा समस्या परेको भन्ने मौखिक तथा लिखित उजुरीहरू पर्न आएकोले यस विषयमा कीर्तिपुर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी नक्सा पास नगरी वा मापदण्ड विपरीत गैरकानूनी तरीकाले भौतिक संरचना निर्माण गर्ने र आवगनमा बाधा पर्ने गरी सडकमा निर्माण सामाग्री राख्ने सरोकारवाला सबैमा यो सूचना जारी भएको मितिबाट ३५ दिन भित्र बाटोको अवरोध अविलम्व हटाउनु हुन तथा कानूनबमोजिम भवन निर्माण अनुमती लिई स्वीकृत मापदण्ड बमोजिम मात्र घर संरचनाहरू निर्माण गर्नहुन अनुरोध गरिन्छ । साथै यो सूचनाको वेवास्ता गरी नहटाएमा नगरपालिका आफैले हटाई सो बापत लाग्ने खर्च "स्थानीय सरकार संचालन ऐन, २०७४"बमोजिम असुल गरिने बेहोरा समेत अनुरोध गरिन्छ ।

**ध्रुवराज आचार्य**

*प्रमुख प्रशासकीय अधिकृत*

**कीर्तिपुर नगरपालिका**



कीर्तिपुर नगरपालिका वडा नं. १ मा पर्ने हिल-टाउन स्कूलको मुनितिरको बाटो (कीर्तिपुर रिङ्गरोड) मा फुटपाथ बनाइदैं। तस्बिर : ज्ञानकुमार महर्जन

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर*
*स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर"*

# सम्पूर्ण नगरबासीहरुमा अनुरोध

## नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं ।
## भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं ।

- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण-पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिंदा घरको नक्सा पास भए नभएको र घरकर तिरेको वा नतिरेको हेरौं।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

देवढोका, कीर्तिपुर , फोनः ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१
वेबसाइट : www.kirtipurmun.gov.np

## कीर्तिपुरका प्रत्येक हेल्थपोष्टमा चिकित्सकीय सेवा उपलब्ध

कीर्तिपुर नगरपालिकाको मौलिक कार्यक्रम घरघरमा स्थानीय सरकारअन्तर्गत अब नगरका प्रत्येक वडाको हेल्थपोष्टमा चिकित्सकीय सेवा पनि उपलब्ध भैरहेको छ। नगरपालिकाको स्वास्थ्य शाखाबाट चिकित्सकहरूलाई प्रत्येक हेल्थपोष्टमा सेवा दिन खटाइएको हो। विष्णुदेवी अस्पतालमा कार्यरत चिकित्सकहरूलाई बार अनुसार तालिका मिलाएर नगरका सबै हेल्थपोष्टबाट चिकित्सकीय सेवा उपलब्ध गराईंदै छ।

## नगर सन्देशको सूचना

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस नगर सन्देश साप्ताहिकमा आगामी अंकदेखि अतिथि कोलम स्तम्भ सञ्चालन गर्न लागेको जानकारी गराउँदछौं। उक्त कोलममा प्रकाशित हुने कुनै पनि विचार कीर्तिपुर नगरपालिकोको नभई लेखकको स्वतन्त्र विचार हुनेभएकोले यस स्तम्भमा कीर्तिपुर सम्बन्धी आ-आफ्ना लेख रचनाहरू तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं। प्राप्त लेख रचनाहरूको आवश्यकता र स्तरीयताको आधारमा क्रमशः यसै साप्ताहिकमा प्रकाशन गर्नेछौं।

**नगर सन्देश साप्ताहिक**
कीर्तिपुर नगरपालिका भवन, देवढोका
इमेल : nagarsandes@gmail.com

## Invitation for Bids

Government of Nepal (GoN)
**Kirtipur Municipality, Office of the Municipal Executive**
*Invitation for Bids for the* **R.C.C. Water Tank Construction at Tamang Gaun (Jagadeu Danda above the house of Kumar Lama)**
Date of publication: 2076/09/10

1. Kirtipur Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Municipal Executive, Kirtipur Municipality, 014332205 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable bid document fee as per below specified.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Krishi Bikas Bank, Kirtipur
   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive
   Office Account no.: 0211100047277011
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kathmandu by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before as specified below. Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | IFB No | Descriptions of Work | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date and Time | Non-refundable bid Document Fee | Bid Security amount and Validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM – 23/076/077 | R.C.C. Water Tank Construction at Tamang Gaun (Jagadeu Danda above the house of Kumar Lama) | 24,39,690.86 | Date:- 2076/10/13 Time:- 12:00 | Date: 2076/10/13 Time:- 16:00 | NRs. 3,000/- | NRs. 60,000/- valid for a period of 120 days after bid opening |

# सूचना । सूचना ।। सूचना ।।।

महालेखा नियन्त्रक कार्यालयबाट सबै स्थानीय तहहरूमा संचालित बजेटिङ्ग तथा लेखाङ्कन (लेखा सम्बन्धी) कार्यका लागि प्रयोग गरिँदै आएको सुत्र (SuTRA) सफ्टवेयरमा मिति २०७६।०९।०४ गते देखि अचानक समस्या आएकोमा महालेखा नियन्त्रक कार्यलयको च.नं. १८, मिति २०७६।०९।०४ को पत्रानुसार उक्त सुत्र सफ्टवेयरमा प्रविष्टी गरिएका केही तथ्याङ्क तथा डाटाहरू प्राविधिक कारणवस नोक्सान हुन गएको र प्रविष्टी गरिएका भौचर तथा बजेट सम्बन्धी तथ्याङ्कहरू पुनः प्रविष्टी गर्नु पर्ने जानकारी भएकोले यस कार्यालयको लेखा सम्बन्धी मिति २०७६।०८।११ गतेदेखि २०७६।०९।०४ गते सम्मका नोक्सान भएका तथ्याङ्कहरू तथा डाटाहरू पुनः प्रविष्टी गर्ने कार्य भैरहेकोले सो कार्य सम्पन्न नहुन्जेलसम्मका लागि आर्थिक प्रशासन शाखाबाट भुक्तानी सम्बन्धी कार्य हुन नसक्ने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति नगरपालिका कार्यलय क्षमा प्रार्थी छ।

**ध्रुवराज आचार्य**
प्रमुख प्रशासकीय अधिकृत
**कीर्तिपुर नगरपालिका**

# उपत्यकाका १८ वटा नगरपालिका सम्मिलित फोरमको राष्ट्रपतिसँग भेट



उपत्यका नगरपालिका फोरमले राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट गरेको छ। उपत्यकाका १८ वटा नगरपालिका सम्मिलित फोरमका अध्यक्ष तथा काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य र सचिव तथा मध्यपुर थिमि नगरपालिकाका मेयर मदन सुन्दर श्रेष्ठ लगायत मेयर तथा उपमेयरहरूले राष्ट्रपतिलाई वहाँकै कार्यकक्ष शितलनिवासमा पुस ८ गते भेट गर्नुभएको थियो।

भेटका अवसरमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले स्थानीय तहमा सार्वजनिक खरीद ऐन अप्ठ्यारो भइरहेकोले यसलाई पारिमार्जन गर्नुपर्ने कुराको जानकारी गराउनु भयो। त्यस्तै कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले उपत्यकाका लक्षित वर्गहरू महिला, जेष्ठ नागरिक, दलित, अपाङ्ग तथा गरीबी निवारणका बारेमा आफ्ना धारणाहरू राख्नु भएको थियो।

फोरमका अध्यक्ष तथा काठमाडौं महानगरपालिकाका मेयर शाक्यले उपत्यका विकास प्राधिकरणको औचित्य नभएकोले खारेजीको माग गर्नुभयो। स्थानीय स्वायत्त शासन नियमावली २०५६ सँग बाझिएकोले उपत्यका विकास प्राधिकरण ऐनको औचित्य नभएको बताउनु भएको थियो। गत मंसिर २३ गते फोरमको भक्तपुरमा बसेको बैठकअनुसार राष्ट्रपतिसँग भेटवार्ता गर्ने र सो कुरा अवगत गराउने भन्ने निर्णय भए बमोजिम राष्ट्रपतिसँग भेट गरेको थियो।

## आगामी बैठक कीर्तिपुरमा हुने

उपत्यका नगरपालिका फोरमको आगामी बैठक कीर्तिपुरमा बस्ने भएको छ। सन् २०२० को जनवरी ५ का दिन कीर्तिपुरको होटल हिलसाइडमा तेश्रो पटक सो बैठक बस्न लागेको हो। उपत्यका नगरपालिका फोरमको पहिलो बैठक पनौतीमा भएको थियो भने दोश्रो पटक ललितपुर महानगरपालिकामा भएको थियो। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उक्त बैठकबाट नगरमा भएका सम्पदाहरूलाई संरक्षण गर्ने कुराका जोड दिने बताउनु भएको छ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन : ४–३३१३८१, ४–३३१६९३ (दर्ता) • वेबसाइट : www.kirtipurmun.gov.np
• ई-मेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np • Facebook : facebook.com/kirtipurmun • Facebook : Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com